# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।११।२२ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन तथा सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।११।२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगकोमागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरू शिवराज उपाध्याय र जयादेवी उपाध्याय (वि.अ. को मु.नं. ०७९-CR-००४७), वि.अ. को फैसला मिति २०८०।३।२१ | गैर कानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | निज शिवराज उपाध्यायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको देखिँदा निज प्रतिवादी शिवराज उपाध्यायलाई विगो रू.१,१०,६७,७३८।१७ (एक करोड दश लाख सतसट्ठी हजार सात सय अड्तिस रूपैंया सत्र पैसा मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम विगो बमोजिम जरीवाना र कैद सजाय हुन तथा ऐ.ऐनको दफा ४७ बमोजिम सम्पत्ति | <u>**फैसलाः**</u><br>आंशिक बिगो कायम गरी कसूर ठहर।<br><u>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**</u><br>• प्रतिवादीको जग्गा विक्रिबाट प्राप्त आय शिर्षकमा रु.५६,२७७।— गणना गरिएकोमा उक्त शिर्षकमा प्रतिवादीको जम्मा मूल्य रु.१,७२,५००।— आय कायम हुनुपर्ने देखियो,<br>• प्रतिवादीको कृषि आय शिर्षकमा रु.१,३५,०९३।४३ गणना गरिएकोमा उक्त शिर्षकमा प्रतिवादीको जम्मा मूल्य रु.१४,८५,०९३।— आय कायम हुने देखियो,<br>• कैलालीको घर भाडा प्रतिवादीको जिकिर बमोजिम रु.१,८०,०००।— कायम गर्न स्वभाविकै हुने,<br>• प्रतिवादी शिवराज उपाध्यायले आफ्नो पुरेत्याइँसमेतको आम्दानीको जिकिर नगरे तापनि प्रतिवादी जयादेवी उपाध्यायले बयानमा सोको जिकिर लिएको देखिँदा सो शीर्षकमा मासिक रु.५,०००।— औसत आम्दानी मान्दा दश वर्षको जम्मा रु.६,००,०००।—निजको आयमा गणना गर्नु स्वभाविकै हुने,<br>• प्रतिवादीको व्यय सम्बन्धमा कैलालिको घर निर्माणमा भएको जम्मा खर्च रु.७९,९२,३४५४।१८ भनी आयोगले गरेको गणनामा प्रतिवादीले अन्यथा आपत्ति गरेको अवस्था नभए तापनि प्रतिवादीले घर ठेक्कामा नलिई आफैले निर्माण गरेकोले घर निर्माणमा लाग्ने मूल्याङ्कनमा ओभरहेड खर्च १५% र ठेक्का कर | • स्रोत नपुगेकोले सो बापत कुनै पनि रकम गणना नगरिएकोमा अदालतबाट आयमा स्रोत नखुलेको सम्पत्ति विक्रि वापत प्राप्त रकम आयमा गणना गरी आयोगले जग्गा विक्रि वापत आय रु.५६,२७७।४५ कायम गरेको सम्मानित विशेष अदालतबाट उक्त जग्गा विक्रि वापत प्राप्त आयमा खरिद गर्दाकै समयमा आय स्रोत नखुलेको भागको विक्रिको आयलाई समेत समावेश गरी रु.१,७२,५००।— कायम गरेको हदसम्म उक्त फैसला त्रुटीपूर्ण रहेको,<br>• निज प्रतिवादीहरूको नाउमा देवहरिया वडा नं. ४ मा रहेको कि.नं. ३३९६ को जग्गा ०-१-१० एक कठ्ठा, दश धुर रहेको। जसको क्षेत्रफल जम्मा ५४६७.५ बर्ग फिट हुनेमा ३१३४.६८ बर्ग फिटमा घर रहेको अवस्थामा बाँकी २३३२.८२ बर्ग फिटको जग्गामा १ घर परिवारको लागि करेसा बारी समेत अपर्याप्त हुने अवस्था रहेको तर अदालतबाट प्रतिवादीको आय बढाउने मनसायले अनुमानको भरमा उक्त जग्गाको प्रतिवर्ष रु.१५,०००।— का दरले १० वर्षको जम्मा रु.१,५०,०००।— आय कायम गरेको र पशुपालन गरेको, पशुपालनको आय एकिन हुने प्रमाण पेस नै नगरेको अवस्थामा न्यायोचित अनुमानको हवाला दिदै पशुपालनको लागि आवश्यक जग्गा पनि नरहेको, भाडामा लिएको अवस्था समेत नरहेकोमा मासिक रु.१०,०००।— का दरले जम्मा १० वर्षको रु. १२,००,०००।— समेत गरी रु.१३,५०,०००।— थप गरेको सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त **न्यायोचित अनुमान शून्यताको उपज नभई त्यसलाई कुनै न कुनै तथ्यले समर्थन गरेकै हुनुपर्ने**[1] भन्ने सिद्धान्तको विपरित हुने गरी कुनै तथ्य प्रमाण पेश नगरी अनुमानको आधारमा थप आय कायम गरेको कार्य त्रुटिपूर्ण रहेको,<br>• **आय भन्नाले कुनै व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय सम्झनु पछि र सो शब्दले यस ऐन बमोजिम गणना गरिएको सो आयको कुल रकमलाई समेत जनाँउछ**[2] भनि परिभाषित गरिएको। आयको परिभाषा अन्तर्गत नै नपर्ने प्रकृतिको पुरेत्याईको रकम समेत आयमा गणना गरेको र स्वंम प्रतिवादीले पुरेत्याई गरेको तथ्ययुक्त प्रमाण पेश गर्न नसकेकोमा पुरेत्याईको समेत आय आर्जन कायम गरेको कार्य त्रुटिपूर्ण रहेको<br>• सम्मानीत सर्वोच्च अदालतबाट **सरकारी सेवामा रहेको राष्ट्रसेवकको सम्पूर्ण समय सरकारको हुन्छ । कार्यालय समय बाहिर काम गर्दा पनि काम गर्न अख्तियारवालाबाट अनुमति लिएको हुनुपर्छ । त्यसरी कार्य गर्न अनुमति लिई रकम आर्जन गरेकोमा पनि प्राप्त रकमको कर तिरेको आदि प्रमाणहरू पेस गरेको हुनुपर्छ । प्रमाण पेस नगरेको अवस्थामा त्यसलाई मान्यता दिन नमिल्ने**[3] भनि सिद्धान्त प्रतिपादन भएको अवस्थामा प्रतिवादीले जिकिर समेत नलिएको, प्रतिवादी सरकारी जागिरे भएको कारण |

1 नेपाल सरकार विरुद्ध चिरञ्जिवी वाग्ले भएको मुद्दामा ने.का.प. २०६७, अंक १२, नि.नं. ८५१९,

2 आयकर ऐन, २०५८ (आर्थिक ऐन, २०८० को संशोधन सहित) को दफा २(ज)

3 नेपाल सरकार विरुद्ध देवेन्द्र डैगोल समेत, ने.का.प. २०७५ अंक १, नि.नं. ९९३२

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जफत समेत हुन। | ५% गरी जम्मा २० % ले हुने खर्च जम्मा रु.१५,९८,४६९।०० घट्ने नै हुँदा उक्त रकम घटाँउदा घर निर्माणमा जम्मा रु.६३,९३,८७५।०० मात्र कायम हुने। | उक्त पेशा अवलम्वन गर्न समेत समय उपलव्ध हुने अवस्था नरहँदा नरहँदै प्रतिवादीको पुरेयत्याई बापत रु. ६,००,०००।०० थप आय कायम गरेको कार्य त्रुटिपूर्ण रहेको,<br>• निज प्रतिवादी **शिवराज उपाध्याय समेत प्रतिवादी रहेको सरकारी रकम हानिनोक्सानी मुद्दा २०७६-CR-०२९३ मा समेत** निज प्रतिवादीलाई दोषि ठहर भएको। |
| २ | प्रतिवादीहरू पूर्णप्रसाद उपाध्याय र दुर्गा खनाल रिमाल उपाध्याय (वि.अ. को मु.नं. ०७६-CR-०४२२), वि.अ. को फैसला मिति २०८०।३।१७ | गैर कानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | निज पूर्ण प्रसाद उपाध्यायलाई विगो रु.३,१०,२७,१५३।- (तीन करोड दश लाख सत्ताईस हजार एक सय त्रिपन्न रुपैया) कायम गरि प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को उपदफा (२),दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ख. बमोजिम जफत/असूल उपर गरी पाउन । | **<u>फैसलाः</u>**<br>आरोप मागदावीबाट पूर्ण सफाई।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u>**<br>• आयोगले जाँच अवधि वर्गीकृत गर्दा त्यसको युक्तियुक्त आधार र कारण उल्लेख गरेको देखिदैन, कायम अवधिमा प्रतिवादीले गरेको नगद प्रवाह अवैध भएको कुरा वादीले खुलाउन नसकेको,<br>• स्पष्ट प्रमाणको अभाव समेतको आधारमा स्रोतले नखामेको हदसम्म आय मान्यता दिन नमिल्ने वादी दावी पुग्न सक्दैन,<br>• एकासगोलको सम्पत्ती गणना नगरी केवल एकांकीरूपमा प्रतिवादीहरूको मात्र सम्पत्ति गणना गर्न मिल्ने नदेखिदा आधारभुत रूपमा नै प्रतिवादीको एकासगोलको परिवारका सदस्यहरूको आय, व्यय गणना गर्नु न्यायोचित हुने देखिन आयो,<br>• प्रतिवादीको समग्र आयमा आयोगबाट रु.१,९१,१६,२९८।०० कायम गरिएकोमा अदालतबाट रु.५,३९,२७,९७४।०० कायम गरी थप रु.३,४८,११,६७६।०० थप आय कायम गरिएको,<br>• प्रतिवादीको समग्र व्ययमा आयोगबाट रु.५,०१,४३,४५१।०० कायम गरिएकोमा | • के कुन पद्धति मार्फत जाँच गर्ने भन्ने विषय अनुसन्धान गर्ने निकायको क्षेत्राधिकारको विषय रहने। यस आयोगबाट अनुसन्धानको क्रममा विगतबाट नै **<u>आयको स्रोत र खर्च विश्लेषण पद्धति</u>**लाई आत्मासाथ गरिदै आएको र उक्त पद्धतिलाई अन्य मुलुकहरू जस्तै भारतमा समेत मान्यता दिदैं आएको पाईन्छ भने नेपालमा सोही पद्धतिवाट अनुसन्धान गरिदाँ विशेष अदालतबाट नै अन्य मुद्दाहरूमा सोही पद्धतिलाई स्वीकार गरी फैसला भएको[4]। तर केही मुद्दा विशेषमा प्रतिवादीलाई सफाई दिने मनसायबाट विश्वव्यापी रूपमा स्विकार गरिएको अनुसन्धान पद्धती माथि नै प्रश्न चिन्ह खडा हुने गरी फैसला हुनु आफैमा गम्भिर विषयको रूपमा रहेको,<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २० को विधायिकि मनसाय गैर कानुनी रूपमा सम्पत्ति आर्जन गरेको मानिने कसूरमा आरोप शंकारहित तवरबाट प्रमाणित हुने नभई प्रमाणको प्रचुरताको आधारमा निषर्कषमा पुग्नु पर्ने र गैर कानुनी सम्पत्तिको स्रोत वैध हो भनि पुष्टि गरिनुपर्ने दायित्व प्रतिवादीमा रहने रहेको तथा नेपाल सरकार विरूद्ध खुमबहादुर खड्का भएको मुद्दामा **कानूनले नै सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने दायित्व निजउपर राखी सो गर्न नसकेमा गैरकानूनी आर्जन मान्नु पर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्थामा कानूनको सीधा प्रावधानको बलपूर्वक व्याख्या गरी अन्यथा अर्थ गर्न वा निकाल्न नमिल्ने**[5] । भनि सिद्धान्त प्रतिपादन भएको पाईन्छ। त्यस्तै, नेपाल सरकार विरूद्ध देवेन्द्र डंगोल समेत भएको मुद्दामा **गैरकानूनी सम्पत्तिको आर्जनको मुद्दामा घटना विशेषमा आधारित भ्रष्टाचार मुद्दामा जस्तो अभियोग शंकारहित तवरबाट प्रमाणित हुन आवश्यक नहुने। यस्ता मुद्दाहरूमा प्रमाणको प्रचुरता (Preponderance of evidence) कता छ सो हेरी अदालत निर्णय निष्कर्षमा पुग्ने। यो नै अस्वाभाविक सम्पत्ति आर्जनको मुद्दाको महत्त्वपूर्ण आयाम हुने**[6] । भनि सिद्धान्त प्रतिपादन भएको। नेपाल ससरकार विरुद्ध युवराज शर्मा भएको मुद्दामा **आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहेको। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न नमिल्ने। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।**[7] सिद्धान्त प्रतिपादन भएको। स्पष्ट कानुनी र न्यायिक मान्यताका विपरित हुने गरी स्रोतले नखामेको हदसम्म आय मान्यता दिन नमिल्ने वादी दावी |

[4] नेपाल सरकार वि. गोपाल बहादुर खड्का समेत, ०७५-CR-०१४४ तथा नेपाल सरकार वि. शिवराज उपाध्याय समेत, ०७९-CR-००४७

[5] ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२,

[6] ने.का.प. २०७५, अंक १, नि.नं. ९९३२,

[7] ने.का.प.२०६९, अंक ५, नि.नं.८८८६,

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अदालतबाट रु.५,०४,३५,००३।०० कायम गरिएको। | पुग्न सक्दैन भन्ने आधार ग्रहण गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेको,<br>• आफ्नो गैरकानुनी आर्जनको स्रोत पुष्टि गर्न एकासंगोलमा रहेको जिकिर लिएको र अदालतबाट समेत अनुमानको भरमा एकासंगोलमा नै रहेको अनुमान गरी सम्पूर्ण परिवारको आय आयमा कायम गर्ने तर व्यय समावेश नगर्ने कार्य आधार प्रमाण विना अनुमानको भरमा भए गरेको देखिन आएको। प्रस्तुत सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले नेपाल सरकार विरुद्ध चिरञ्जिवी वाग्ले भएको मुद्दामा "**न्यायोचित अनुमान शून्यताको उपज नभई त्यसलाई कुनै न कुनै तथ्यले समर्थन गरेकै हुनुपर्ने, अनुसन्धानका क्रममा आएका कुराहरू र प्रतिवादीले प्रमाण पुऱ्याउने गरी आएका कुरा बाहेक अन्य प्रमाणहरूको खोजी गर्ने कार्य पुनरावेदन तहबाट हुन पनि नसक्ने। संकलित तथ्य एवं प्रमाणहरूबाट प्रमाणित हुनुपर्ने र यकीन गरिनुपर्ने विषयमा कोरा अनुमानबाट निर्क्यौलमा पुग्न सकिँदैन। न्यायोचित अनुमानको जिकीर लिनेले त्यसका स्पष्ट आधारहरू खुलाउन सक्नु पर्ने हुन्छ।**"[8] भन्ने सिद्धान्त प्रतिपादन भएकोमा प्रस्तुत मुद्दामा उक्त सिद्धान्त विपरित कुनै तथ्यको समर्थन विना प्रतिवादिको आय बढी देखाउनुका साथै फैसला गर्दा, विना तथ्य र प्रमाण अनुमान गरी प्रतिवादीलाई सफाई दिने मनसायले फैसला भएको,<br>• प्रतिवादीले मौकामा आयोग समक्ष वयान गर्दाको वखत होस वा अदालत समक्ष वयान गर्दाको समयमा आफ्नो आयमा जिकिर नलिएको विषयलाई सम्पत्तिको स्रोत पुष्टि हुन नसक्ने अवस्था भए पश्चात पछि आयमा गणना गर्ने कार्य त्रुटिपूर्ण रहेको। सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार विरूद्ध जय प्रकाश गुप्ता समेत रहेको **मुद्दामा स्वयं प्रतिवादीले जिकीर लिन नसकेको विषयमा कुनै निजी संस्था विशेषले पछिबाट लेखेको पत्रका भरमा त्यस्तो रकमलाई आयमा समावेश गर्न नमिल्ने**[9]। भनि सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त न्यायिक सिद्धान्त विपरित हुने गरी उक्त रकम आयमा गणना गरेको कार्य त्रुटिपूर्ण रहेको,<br>• पुरेत्याई बापतको आय भनि अदालतले जम्मा रु.१२,००,०००।०० गणना गरेको सम्बन्धमा **आय भन्नाले कुनै व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय सम्झनु पछि र सो शब्दले यस ऐन बमोजिम गणना गरिएको सो आयको कुल रकमलाई समेत जनाँउछ**[10] भनि परिभाषित गरेको। यसरी आयको परिभाषा अन्तर्गत नै नपर्ने प्रकृति पुरेत्याईको रकम समेत आयमा गणना गरेको कार्य त्रुटिपूर्ण रहेको। सम्मानीत सर्वोच्च अदालतबाट **सरकारी सेवामा रहेको राष्ट्रसेवकको सम्पूर्ण समय सरकारको हुन्छ। कार्यालय समय बाहिर काम गर्दा पनि काम गर्न अख्तियारवालाबाट अनुमति लिएको हुनुपर्छ। त्यसरी कार्य गर्न अनुमति लिई रकम आर्जन गरेकोमा पनि प्राप्त रकमको कर तिरेको आदि प्रमाणहरू पेस गरेको हुनुपर्छ। प्रमाण पेस नगरेको अवस्थामा त्यसलाई मान्यता दिन नमिल्ने**[11] भनि सिद्धान्त प्रतिपादन भएको अवस्थामा प्रतिवादीले जिकिर समेत नलिएको, प्रतिवादीका बाबु रामप्रसाद उपाध्याय सरकारी जागिरे भएको कारण उक्त पेशा अवलम्वन गर्न समेत |

[8] ने.का.प.२०६७, अंक १२, नि.नं. ८५१९।

[9] ने.का.प.२०६८, अंक ११, नि.नं. ८७२२।

[10] आयकर ऐन, २०५८ (आर्थिक ऐन, २०८० को संशोधन सहित) को दफा २(ज)

[11] नेपाल सरकार विरूद्ध देवेन्द्र डैगोल समेत, ने.का.प. २०७५ अंक १, नि.नं. ९९३२

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समय उपलव्ध हुने अवस्था नरहँदा नरहँदै प्रतिवादीको पुरेयत्याई बापत रु.१२,००,०००।०० थप आय कायम गरेको र उक्त पुरेत्याई वापतको सम्पूर्ण रकम प्रतिवादीको नाममा गणना गरेको विशेष अदालतको पैसला त्रुटिपूर्ण रहेको,<br>• आ-आफ्नो खति उपति व्यहोर्दै आएको अवस्थामा महेश कुमार उपाध्यायको रु.२०,५९,५५०।०० तथा बहिनि सोफिया उपाध्यायको रु.१०,२१,३६३।०० आय प्रतिवादीको आयमा गणना गर्ने कार्य त्रुटीपूर्ण रहेको,<br>• ५ अशियार (आफु, श्रीमती, २ छोरा, १ छोरी) रहेको हुँदा ५ भागको १ भाग सम्म गणना गरेको भए न्यायिक अनुमान मात्र सकिनेमा प्रतिवादीको आय वढाउने मनसायले सम्पूर्ण आय प्रतिवादीकै आयमा गणना गरेको कार्य त्रुटिपूर्ण रहेको,<br>• प्रतिवादीको मुद्दति निक्षेप परिपक्व भई फिर्ता रकम वापत रु.१,०२,९२,९२९।— कायम गरिएकोमा अदालतबाट सो सम्बन्धमा रु.२,९९,४४,०००।— कायम गरेको सम्बन्धमा आयोगबाट आय कायम गरिदा वैध आय अर्थात स्रोत पुष्टि गर्न सकेको आयको हिस्सा मात्र आयमा गणना गरिएकोमा अदालतबाट सम्पूर्ण आय स्रोत समेत नखुलेको निक्षेप रकमलाई आयमा गणना गर्ने कार्य त्रुटिपूर्ण रहेकोले खारेजभागी रहेको। सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले नेपाल सरकार विरूद्ध रामाज्ञ चतुर्वेदी समेत भएको मुद्दामा **जुन सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको हो त्यस्तो सम्पत्ति आर्जन गर्दा हालको मूल्य तिरिने नभई तत्काल प्रचलित मूल्य नै लगानी भएको हुन्छ। तत्समयको आयस्रोतका आधारमा आर्जित सम्पत्तिको स्रोत पुष्टि भए नभएको कुरालाई नै ऐनले कानूनी र गैरकानूनी आर्जन छुट्याउने मापदण्ड मानेको हुँदा त्यस्तो सम्पत्ति आर्जन गर्दा स्रोत कति थियो र कति लगानी गरेको हो भन्ने कुराबाटै कसूर निर्धारण हुने र बिगो कायम गर्नुपर्ने**[12] भनि सिद्धान्त स्थापित भएको अवस्थामा न्यायिक सिद्धान्तका परिपालक ले नै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) मा भएको कानुनी व्यवस्था अर्थात विधायिकी मनसाय विपरित तथा उक्त न्यायिक सिद्धान्तको उलंघन गरी सम्पूर्ण निक्षेप बचत रकमलाई आयमा कायम गरेको कार्य प्रथम दृष्टिमा नै त्रुटिपूर्ण रहेको। |

[12] ने.का.प. २०६८ अंक ६, नि.नं. ८६३०

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रतिवादीहरु रणबहादुर कडायत र शिवराज उपाध्याको मु.नं (०७६-CR-०२९३) फैसला मिति २०८०।०३।२५ | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको | आ.व. २०७१/०७२ देखि नै बचतको सबै हिसाब नदेखिएको, आ.व. २०७४/०७५ को महालेखापरीक्षकको प्रतिवेदन अनुसार कार्यालयले पेश गरेको आर्थिक वर्ष २०७३/०७४ को बचत बैंकको केन्द्रीय गोश्वरा खातामा बचत कर्तालाई फिर्ता गर्न बाँकी रु. ३,८६,८४,६३१।०५ अक्षरेपी तीन करोड छयासी लाख चौरासी हजार छ सय एकतीस रुपैया पाँच पैसा मध्ये तह विल मौज्दात रु. ७०,३९३।१६ र बैंक मौज्दात रु. ९६,१५,८४९/- लगानीमा रु. २,२५,७६,२६२।०७ गरी जम्मा रु. ३,२२,६२,५०४।२३ निक्षेप कर्तालाई फिर्ता गर्न सकिने रकम केन्द्रीय धरौटी खातामा रु. ६४,२२,१२६।७९ पैसा दायित्व रहेको देखिएकोमा आ.व. २०७४/०७५ मा उक्त दायित्व ३४% प्रतिशतले बृदि भई रु. २,८३,२१,६९२/- पुग्नु अस्वभाविक देखिएको आ.व. २०६७/६८ देखि आ.व. २०७२/०७३ साल सम्म हुलाक बचत बैंकको हेर्ने कर्मचारी शिवराज उपाध्याय रहेका र निज बढुवा भई रमाना लिने क्रममा रु. २६,११,९४७।७७ नगद आफ्नो जिम्मामा रहेको भनी कागज गरिदिएको र २०७६ पौषमा बैंकको एकिकृत लगत अनुसार रु. ५,७८,५२,२२४।५१ बचत खातामा रहेको देखियो। २०७६/१/२५ को दैनिक नगदी किताब अनुसार रु. ४३,००,३५०/- बैंक दाखिला देखाइएको वाणिज्य बैंकको स्टिटमेन्ट अनुसार सोही मिति ४०,००,०००/- रण बहादुर खडायतले ट्रान्सफर गरेको देखिएको। जिल्ला हुलाक बचत बैंकको राष्ट्रिय वाणिज्य बैंकको खातामा ट्रान्सफर गरेको, बैंक नगदी किताब र बैंक स्टेटमेन्ट नमिलेको, आ.व. २०७३/०७४ मा तयार गरेको आर्थिक विवरणलाई आधार मानी सो केन्द्रिय धरौटी खातामा जिम्मेवारी देखाइएको रकम रु. ६४,२२,१२६।७९। आर्थिक वर्ष २०७३/०७४ को आर्थिक विवरणलाई आधार मान्दा सो आर्थिक वर्षमा भएको घाटा रकमलाई आधार मान्दा शिवराज उपाध्यायले रु. १,८२,०४,४२७।११ र सोको १०% ले हुने रकम रु. १८,२०,४४२।७१ पैसा गरी बिगो रु. | फैसलाः<br>प्रतिवादीहरुलाई आरोप मागदावी भन्दा कम विगो मात्र हिनामिना गरेको ठहर।<br>विशेष अदालतले कसुरबाट कम विगो कायम गर्दा लिएका आधारहरुः<br>•प्रतिवादी मध्येका रणबहादुर कडायत उपर विगो रकम कायम गर्दा हिनामिना र दुरुपयोग भएको रकम भनी रु. २,६८,०९,०६५।११ (दुई करोड अठसठ्ठी लाख नौ हजार पैसठ्ठी र पैसा एघार र त्यसको विगो १०% ले हुने व्याज रु. २६,८०,९०६।५१ गरी कुल विगो रु. २,९४,१४,८४१।४४ कायम गरेको। प्रतिवादीले वयान गर्दा रु. १,७६,०४६।३८ हिनामिना गरेको स्वीकार गरेको। प्रतिवादीले स्वीकार गरेको रकम यो यो रकम जोडेर पुग्छ भनी वादी पक्षले आधार समेत पुऱ्याउन नसकेको।<br>•त्यस्तै प्रतिवादी शिवराज उपाध्यायले उपर विगो कायम गर्दा दुरुपयोग रकम भनी रु. १,८२,०४,४२१।११ र सो १०% ले हुने व्याज रु. १८,२०,४४४।७१ गरी कुल रु. २,००,२४,८६९।८२ कायम गरेको। प्रतिवादीले वयान गर्दा रु. १,५५,११,४५३/- हिनामिना गरेको स्वीकार गरेको निजले स्वीकार गरेको रकम भन्दा बढी यो यो रकमले पुग्छ भनी वादी पक्षले पुष्टि गर्न नसकेको।<br>•हुलाक वचत बैंकको सञ्चालनको जिम्मा लिएर बसेको जिम्मेवार व्यक्तिले काम कारवाही गर्दा वचत बैंकको उद्देश्य पुरा गर्ने आफ्नो पदीय हैसियतले गर्नु पर्ने काम चुस्त दुरुस्त र पारदर्शी बनाउनु पर्नेमा हुलाक कार्यालय मात्र नभएर हुलाक धनादेश समेतका लोक कल्याणकारी आयोजनाहरुको गरिमा प्रतिष्ठा र पवित्रता मै क्षतिपुऱ्याउने किसिमले वचत कोषको जथाभावी दुरुपयोग हिनामिना गरी | •प्रतिवादीहरुलाई भ्रष्टाचार मुद्धामा कसुर ठहर भई ८ वर्ष भन्दा बढी कैद सजाय भएकोले कैद सजायको हकमा कुनै जिकिर लिइएको छैन।<br>•प्रतिवादीहरुलाई लिइएको दावी भन्दा कम विगो मात्र कायम गरी सजाय गर्दा यो यो विवरणले प्रतिवादीहरु उपर लिएको दावी पुग्छ भनी स्पष्ट खुलाएको देखिदैन भनी लिएको आधार त्रुटीपूर्ण रहेको। अदालतको फैसलाले नै प्रतिवादीहरुले हिसाव चुस्त दुरुस्त राखेका छैनन् भनी फैसलामा नै वोलेकोले हिसाव स्पष्ट र व्यवस्थित रुपमा भएको तथ्य अदालतले नै स्वीकार गरेको छ।<br>•शिवराज उपाध्यायले वयानमा रणबहादुर कडायतसँग आफू मिलि रकम हिनामिना गरेको भनी अनुसन्धानमा गरेको वयान व्यहोरालाई अदालतमा बयान गर्दा समेत स्वीकार गरेको अवस्था। प्रतिवादीको वयान व्यहोरामा आफुले रकम हिनामिना गरेको भनि उल्लेख गरेको अनुसन्धानमा गरिएको वयान आफ्नो हो आफूले भने वमोजिम नै लेखिएको छ भनी अदालतमा स्वीकार गरेबाट प्रतिवादीले हिनामिना कति भएको रहेछ भनी हुलाक बचत बैंकमा जम्मा रु. ५,७८,५०,२२४।५१ जम्मा भएको देखिएको र विभिन्न शिर्षकमा खर्च रु. ६४,२२,१२६।७९ + १८,१०,१८७।५२ + २१,१३,४३३।३२ + १,०६,१३,१६५ + ४,६४,४५७।६६ गरी रु. २,१४,४३,३७०।२९ खर्च देखाइएको उक्त खर्च र हुलाक बचत बैंकमा भएको बचतको अन्तर (फरक) रु. ३,६४,०८,८५४।२२ देखिएको। उक्त रकमलाई २ जना प्रतिवादीबाट हिनामिना भएको मानी प्रत्येक प्रतिवादीको भागमा रु. १,८२,०४,४२७।११ पैसा हिनामिना गरेको देखाइएको। २०७६ सालमा शिवराम उपाध्यायले हुलाक वचत बैंक छोडि सकेकाले २०७६ माघ ६ गतेको तहविल मौज्दात रु. ८६,०४,६३८/- लाई रणबहादुर कडायतको नाममा विगो देखाइएको रु. १,८२,०४,४२७।११ + ८६,०४,६३८ गरी रणबहादुर कडायतको नाममा विगो रु. २,६८,८९,६८५।११ देखाइएको र सो मा १०% जोडी प्रतिवादी शिवराज उपाध्यायको हकमा रु. २,००,२४,८६९।८२ पैसा र रणबहादुरको हकमा रु. २,९४,८९,९७१।६२ पैसा हुने स्पष्ट रुपमा देखाएको। हुलाक वचत बैंक कार्य सञ्चालन निर्देशिकाको नियम ३९ मा कुनै वचत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २,००,२४,८६९।८२ जरिवाना हुन र रणबहादुर कडायतले हिनामिना गरेको रकम रु. २,६८,०९,०६५।११ र सोको १०% रकम जरिवाना गरी रु. २६,८०,९०६।५१ गरी कुल विगो रकम रु. २,९४,८९,९७१।५१ हिनामिना भएकोले रणबहादुर कडायत र शिवराज उपध्याय उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुर गरेकाले रणबहादुर कडायतको हकमा विगो रु. २,९४,८९,९७१/- र शिवराज उपाध्यायको हकमा विगो रु. २,००,२४,८६९।८२ गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए वमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) वमोजिम जरिवाना र कैद सजाय हुनका साथै हानिनोक्सानी भएको रकम सोही ऐनको दफा १७ वमोजिम प्रतिवादीहरुबाट असुल समेतको मागदाबी लिइएको। | क्षतिपुऱ्याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को बर्खिलापमा कामकारवाही गरेको पुष्टि हुन आएको। | बैंकमा प्रत्येक महिना रहने तहविल रकमको अधिकतम हद सो वचत बैंकको अघिल्लो महिना भरी भएको कारोवार मध्येको उच्चतम कारोवार भएको दिनको अङ्क भन्दा बढी हुने छैन भनि स्पष्ट उल्लेख भएकोमा प्रतिवादी रणबहादुर कडायतले २०७६ माघ ६ गतेको तहविल रकम रु. ८६,०४,६३८/- राखेको देखिएको।प्रतिवादीले हुलाक वचत बैंकको पैसा वाणिज्य बैंकमा जम्मा गर्नुपर्नेमा तहविलको मौज्दातमा अधिकतम रुपैया राखी हुलाक वचत बैंकलाई नोक्सानी पुऱ्याएको देखिएको। |